# राष्ट्रिय तथ्याङ्क परिषद्को छैठौं बैठक

**प्रस्ताव १: नेपाल राष्ट्र बैंकबाट उत्पादन हुँदै आएका उपभोक्ता मूल्य सूचकाङ्क (Consumer Price Index–CPI) लगायतका कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयमा हस्तान्तरण गर्ने सम्बन्धमा गठित कार्यदलले पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धमा।**

**निर्णयः** नेपाल राष्ट्र बैंकबाट उत्पादन हुँदै आएका उपभोक्ता मूल्य सूचकाङ्क (Consumer Price Index - CPI) लगायतका कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयमा हस्तान्तरण गर्ने सम्बन्धमा गठित कार्यदलले पेश गरेको अध्ययन प्रतिवेदन ग्रहण गर्ने तथा प्रतिवेदन तयारी कार्यदललाई परिषद्को तर्फबाट धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो। साथै उक्त प्रतिवेदनमा उल्लेखित प्रतिवेदन कार्यान्वयन सहजीकरण तथा अनुगमन समिति गठन, कार्यविधि तयारी, प्रस्तावित संरचना O&M मा समावेश गर्ने, जनशक्ति व्यवस्थापन तथा क्षमता विकासका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आवश्यक कर्मचारी नेपाल राष्ट्र बैंकमा खटाउने लगायतका सुझाव कार्यान्वयनका लागि प्रतिवेदन राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने।

**प्रस्ताव २: तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) को कार्यान्वयन कार्ययोजना सम्बन्धमा।**

**निर्णयः** तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) मा उल्लेखित रणनीति तथा कार्यनीति कार्यान्वयनका लागि आधिकारिक तथ्याङ्क उत्पादन गर्ने निकायबाट प्राप्त कार्ययोजनालाई एकीकृत गरी राष्ट्रिय तथ्याङ्क कार्यालयबाट पेश भएको "तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रोको कार्यान्वयन कार्ययोजना" मा बैठकबाट प्राप्त सुझाव समेत समावेश गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयलाई निर्देशन दिने र प्रस्तावित कार्ययोजना स्वीकृत गर्ने।

**प्रस्ताव ३: राष्ट्रिय तथ्याङ्क कार्यालयको आ.व. २०८३/८४ को वार्षिक कार्ययोजना सम्बन्धमा।**

**निर्णयः** राष्ट्रिय तथ्याङ्क कार्यालयबाट पेश भएको आ.व. २०८३/८४ मा सञ्चालन हुने कार्यक्रमको "राष्ट्रिय तथ्याङ्क कार्यालयको वार्षिक कार्ययोजना २०८३/८४" स्वीकृत गर्ने।

**प्रस्ताव ४: विविध**

राष्ट्रिय आर्थिक गणना, २०८२ को स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्य मिति २०८३/०१/०२ देखि २०८३/०३/०७ सम्म सञ्चालन भएकोमा सोको हालसम्मको प्रगति बारेमा राष्ट्रिय तथ्याङ्क परिषद्लाई जानकारी प्राप्त भयो र स्थलगत तथ्याङ्क सङ्कलनसम्बन्धी प्रक्रियामा रहेका प्रतिष्ठानको गणना कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयले मिति २०८३ असार मसान्तभित्र सम्पन्न गर्ने गरी व्यवस्था मिलाउने।

डा. गुणाकर भट्ट
उपाध्यक्ष

२०८३/३/८